# सूर्यज्योतिको भव्य एमडिआरटी मिट- २०२५ सम्पन्न

काठमाडौं । सूर्यज्योति लाइफ इन्स्योरेन्सले एमडिआरटी मिट २०२५ चन्द्रागिरी स्थित चन्द्रागिरि हिल्स रिजोर्टमा भव्यताका साथ सम्पन्न गरेको हो । अभिकर्ताहरुको अन्तरराष्ट्रिय संस्था मिलियन डलर राउण्ड टेबल (एमडीआरटी) ले नेपालका लागी सन् २०२४ मा गरेको व्यवसायका आधारमा तोकिएको वार्षिक लक्ष्य पुरा गरी एमडीआरटी २०२५ का लागि छनौट भएका उत्कृष्ट अभिकर्ताहरुलाई सूर्यज्योतिले सम्मान गरेको हो।एमडीआरटी २०२५ का लागि छनौट अभिकर्ताहरु मध्ये गौरव कुमार शाही र दिपक सापकोटा कोर्ट अफ द टेबल (COT) का लागी सम्मानित भएका हुन।




कार्यक्रममा सूर्यज्योति लाइफ इन्स्योरेन्सका अध्यक्ष, केशव प्रसाद भट्टराई,संचालक सदस्यहरु, कम्पनीका प्रमुख कार्यकारी अधिकृत, कम्पनीका उच्च पदाधिकारीहरु, प्रदेश प्रमुखहरु, क्षेत्रीय प्रबन्धकहरुका साथै एमडिआरटी २०२५ का लागि छनौट भएका सम्पुर्ण व्यक्तित्वहरुलाई सम्मान गरिएको थियो ।



कार्यक्रममा स्वागत मन्तब्य दिदै कम्पनिका बागमती प्रदेश प्रमुख, चरण दास तिमल्सेनाले उपस्थित सबैलाई न्यानो स्वागत तथा अभिवादन गर्दै कार्यक्रमको विधिवत सुरुवात गरेका थिए। कार्यक्रममा सूर्यज्योति लाइफ इन्स्योरेन्सका अध्यक्ष, केशव प्रसाद भट्टराईले सम्मानित सवैलाई धन्यबाद व्यक्त गर्दै कम्पनीले गरेको आर्थिक वृद्धिमा MDRT 2025 का लागि छनौट भएका अभिकर्ताहरुको नै योगदान रहेको हुदा सवै सवै प्रति आफू कृतज्ञ भएको जानकारी गराए।



कम्पनिका प्रमुख कार्यकारी अधिकृत प्रकाश विक्रम खत्रीले अन्तराष्ट्रिय स्तरको अभिकर्ताहरुको भेलामा आफुलाई नेपालको प्रतिनिधित्व गर्दै सम्मानित हुने अवसर पाउने भएकोले आगामी वर्ष लाई कम्पनीले बिशेष प्राथामिकता दिई MDRT को संख्यामा उल्लेखनिय रुपमा वृद्धि गर्नु पर्ने मा जोड दिए।प्रमुख कार्यकारी अधिकृत, खत्रीले MDRT जस्तो गरिमामय कार्यक्रमको माध्यम बाट नेपाल र सूर्यज्योतिलाई चिनाउने अवसर

प्राप्त भएकोले सम्पूर्ण छनौट अभिकर्ताहरुको प्रयास र मेहनतका लागि धन्यबाद व्यक्त गरे।



सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको हाल चुक्ता पूँजी रु.५०१ करोड, कुल लगानी रु.४,२४२ करोड, जीवन बीमा कोष रु.३८०३ करोड, जारी बीमालेख संख्या ३१ लाख ७२ हजार ५१०, प्रशिक्षित अभिकर्ता संख्या १ लाख १ हजार १०० र देश भर रहेका १७४  शाखा संजाल द्वारा सेवा प्रदान गरी रहेको छ। बीमा क्षेत्रमै पहिलो सर्वाधिक ३५ घातक रोगहरु विरुद्ध रु ५० लाख सम्मको उपचार खर्चको सुबिधा प्रदान गर्ने एकमात्र पहिलो कम्पनी सूर्यज्योति लाइफ बन्दै पहिलो ISO 9001-2015  प्राप्त गर्ने एकमात्र जीवन बीमा कम्पनि बन्न पनि सफल भएको छ।




साथै कम्पनीले आर्थिक वर्ष २०८०/८१ को बार्षिक साधारण सभा गत पौष ६ गते सम्पन्न गर्दै शेयरधनीहरुका लागि २० प्रतिशत नगद लाभांस समेत बितरण गरीसकेको छ।